# कटहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कटहरी, मोरङ्ग
## प्रथम पटक प्रकाशित मितिः २०७५/०१/१५

यस कार्यालयको आ.व. २०७४/०७५ को तपशील वमोजिमको स्वीकृत कार्यक्रमहरु शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकाले निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रशाकित गरिएको छ।

**शर्तहरुः**

१. तपशीलमा उल्लेख दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदी रसिद वा कृषी विकास बैंक बिराटनगरमा रहेको कहटरी गाउँपालिकाको कार्यालयको खाता नं. ०६०१६०११५०२१७०१७ मा जम्मा गरेको भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको इजाजत पत्र, आयकर तथा मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ सम्माको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सम्लग्न राखी यस कार्यालयबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको बोलपत्र फारमहरु उल्लेख भएका सबै विवरणहरु रितपूर्वक भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी कामको विवरण बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले २०७५/०२/१४ गतेका दिन दिउँसो १२ बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।

३. दर्ता भएको बोलपत्रहरु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोलिने कार्यमा कुनै बाधा पर्ने छैन।

४. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तैपछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ।

५. शिलबन्दी बोलपत्र फारमसाथ जमानत वापत तपशीलमा तोकिएको रकम कृषी विकास बैंक विराटनगर मोरङ्ग स्थित कार्यालयको धरौटी खाता नं. ०६०१६०११५०२१७०४१ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिड बण्ड जारी गर्नसक्ने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद रहेको पेश गर्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। बोलपत्रमा प्रत्येक आइटमहरुमा अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ।

७. रित नपुगी वा म्याद र कुनै शर्त राखी पेश हुन आएको बोलपत्रहरु मान्य हुने छैन।

८. बोलपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधनसहित) र प्रचलित कानुन बमोजिम हुनेछ।

१०. बोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड वापत बोलपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुँदा नं. ५ मा उल्लेखि खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालय पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा कम्तीमा १३ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानी पत्र पेश गर्नु पर्नेछ।

११. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनुपर्नेछ। बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ।

१२. बोलपत्रसम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा सर्म्पक राख्न सकिने छ। फोन नं. ०२१-४०४१००

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टेन्जी बाहेक) | बोलपत्र जमानत रकम | बोपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १५/०७४/०७५ | नयाँबजारदेखि थलाहा भौडाहासम्म सडक कालोपत्रे गर्ने काम | रु. ३१,३९,७००। | रु. ९०,०००। | रु. ३०००। |
| २ | १६/०७४/०७५ | ग्रामथान (बनसखण्डी मन्दिर)देखि थलाहा भौडाहासम्म सडक कालोपत्रे गर्ने काम | रु. ३१,३६,५००। | रु. ९०,०००। | रु. ३०००। |
| ३. | १७/०७४/०७५ | बुधहटियादेखि माझि चोकसम्म सडक कालोपत्रे गर्ने काम | रु. २१,७२,८९०। | रु. ६०,०००। | रु. ३०००। |

प्रमुख प्रशासकीय अधिकृत